# माथागढी गाउँपालिका
## आर्थिक सहायता संचालन तथा व्यवस्थापन कार्यविधि-२०८१

**प्रस्तावनाः**

माथागढी गाउँपालिकाबाट विभिन्न संघ, संस्था, निकाय, व्यक्तिहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक तथा जिन्सी सामान लगायतका अनुदान तथा आर्थिक सहायता छिटो छरितो, मितव्ययी, पारदर्शि रुपमा प्रदान गर्न तथा अनुदान प्राप्त गर्ने संस्था तथा व्यक्तिलाई जिम्मेवार, अनुशासित, मर्यादित बनाई विपन्न तथा आर्थिक रुपमा कमजोर वर्गलाई कम्तिमा राहत प्रदान गर्न वाञ्छनीय भएकोले माथागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम माथागढी गाउँपालिकाको मिति २०८१/०६/२१ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) संक्षिप्त नामः यो कार्यविधिको नाम "माथागढी गाउँपालिका आर्थिक सहायता संचालन तथा व्यवस्थापन कार्यविधि २०८१" रहनेछ ।

ख) प्रारम्भः यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई बुझाउने छ ।

ख) "सभा" भन्नाले माथागढी गाउँपालिकाको गाउँसभालाई जनाउने छ ।

ग) "कार्यपालिका" भन्नाले माथागढी गाउँपालिकाको गाउँकार्यपालिकालाई जनाउने छ ।

घ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम गठित सामाजिक, आर्थिक, साहित्यक, शैक्षिक, बौद्धिक, धार्मिक, सांस्कृतिक आदि कार्य गर्न प्रचलित कानून बमोजिम गठित संस्थालाई जनाइन्छ ।

ङ) "राहत" भन्नाले कुनै व्यक्ति/संस्थाको आर्थिक, भौतिक, मानवीय रुपमा भएको क्षतिलाई कम गर्ने उद्देश्यले प्रदान गरिने आर्थिक रकम वा प्रदान गरिने सामग्रीलाई जनाउँछ ।

च) "आर्थिक सहायता" विपद्को समयमा संक्रमण अवस्थामा र असाहय तथा अति गरिब व्यक्तिहरुलाई स्वास्थ्य उपचार, क्षति कम गर्ने वा तत्काल व्यक्ति वा संस्थालाई आर्थिक, प्राविधिक, जिन्सी सहयोगलाई जनाउनेछ ।

अध्यक्ष

## परिच्छेद-२

## आर्थिक सहायताको प्रकार र प्रक्रिया

**१. आर्थिक सहायताः**

कुनै पनि व्यक्ति विरामी, असक्तता वा गरिबीको कारणले समस्यामा पर्दा आर्थिक सहायताका लागि व्यक्ति वा संस्थाले सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिनु पर्ने छ। प्राप्त निवेदनको प्रकृतिको आधारमा देहायको रकम कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी गरिने छ।

क) विनियोजित बजेटको अधिनमा रहि रु. ५०,०००/- सम्म गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार ।

**२. सहायता प्राप्त गर्न अवलम्बन गर्ने प्रकृयाहरुः**

क) आर्थिक सहायता माग गर्ने व्यक्तिको निवेदन,

ख) सम्बन्धित वडाको सिफारिस,

ग) रोग निदान भएको चिकित्सकको रिपोर्ट,

घ) उपचार गरेको विल भर्पाई,

ङ) जिल्ला वाहिर उपचार गर्न जानको लागि यातायात खर्च नभएको अवस्थाको जानकारीको कागजात,

च) विपदको हकमा विपद हो भनि खुल्ने कागजात,

छ) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

## परिच्छेद ३

## खेलकुद सम्बन्धी सहायता रकम

**१. खेलकुदः**

गाउँपालिकाका युवाहरुलाई खेल क्षेत्रको माध्यमबाट स्वस्थ र प्रतिस्पर्धि बनाउनको लागि संचालन हुने विभिन्न प्रकारका खेलकुदका लागि निम्न बमोजिम सहयोग दिन सकिनेछ ।

- सम्बन्धित वडा/ खेलकुद समितिबाट खेल खेल्न आवश्यक छ भनी सिफारिस
- गाउँ खेलकुद समिति गठन भएको हकमा सोको सिफारिस,
- समय तालिका सहित खेल कार्यक्रमको विस्तृत प्रस्ताव ।.

अध्यक्ष

क) फुटबल, भलिबल, सो सरह खेलाडी संख्या सहभागी हुने खेलः

- प्रदेश स्तरीय प्रतियोगिता रु. ४०,०००/- सम्म
- अन्तर जिल्ला स्तरीय प्रतियोगिता रु. ३५,०००/- सम्म
- जिल्ला स्तरीय प्रतियोगिता - रु. ३०,०००/- सम्म
- गाउँपालिका स्तरीय प्रतियोगिता - रु. २०,०००/- सम्म
- वडा स्तरीय प्रतियोगिता रु. १०,०००/- सम्म

ख) कराते, तेक्वान्दो जस्ता खेलमा

- प्रदेश स्तरीय प्रतियोगिता रु. १५,०००/- सम्म
- अन्तर जिल्ला स्तरीय प्रतियोगिता रु. १२,०००/- सम्म
- जिल्ला स्तरीय प्रतियोगिता रु. १०,०००/- सम्म
- गाउँपालिका स्तरीय प्रतियोगिता रु. ८,००० /- सम्म
- वडा स्तरीय प्रतियोगिता रु. ५,०००/- सम्म

ग) टेवल टेनिस, व्याडमिण्टन, दौड (रिले) जस्ता खेलकुदः

- प्रदेश स्तरीय प्रतियोगिता रु. १५,०००/- सम्म
- अन्तर जिल्ला स्तरीय प्रतियोगिता रु. १२,०००/- सम्म
- जिल्ला स्तरीय प्रतियोगिता- रु. १०,०००/- सम्म
- गाउँपालिका स्तरीय प्रतियोगिता - रु. ८,०००/- सम्म
- वडा स्तरीय प्रतियोगिता रु. ५,०००/- सम्म

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा विजयी भई पुरस्कृत भएका खेलाडीहरुलाई प्रोत्साहन स्वरुप निम्नानुसार प्रोत्साहनहरु सहयोग गर्न सकिने छ ।

क) राष्ट्रिय प्रतियोगितामा पुरस्कृतको लागि रु. ५०,०००/- सम्म ।

ख) अन्तराष्ट्रिय प्रतियोगितामा पुरस्कृतको लागि रु. १,००,०००/- सम्म ।

## परिच्छेद-४

## औषधी उपचार

१. औषधी उपचार वापत प्राप्त कोषलाई मध्य नजर गरी निम्न बमोजिम औषधी उपचार खर्च प्रदान गरिने छ ।

➢ नेपाल सरकारले कडा रोग भनि उल्लेख गरेका रोगहरुको लागि सम्बन्धित अस्पतालको कागजात, अस्पताल भर्नाको कागजात समेत संलग्न राखी सम्वन्धित व्यक्ति वा निजको संरक्षकले निवेदन दिएमा,

अध्यक्ष

- गाउँ कार्यपालिका बैठकको निर्णय भए बमोजिम कोषको अवस्था हेरी बढिमा रु. ४०,०००/- सम्म रकम उपलब्ध गराउन सकिने ।

परिच्छेद-५

**संघ संस्थाहरुलाई गरिने सहायता रकम**

- कानुन बमोजिम गठित विभिन्न संघ संस्थाहरुले लोक कल्याणकारी कार्य गर्ने प्रयोजनार्थ आफ्नो उद्देश्य सहितको प्रस्तावपत्र पेस गरेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम संस्थाको प्रकृति हेरि बढीमा ५०,०००/- सम्म ।

परिच्छेद-६

**सांस्कृतिक तथा धार्मिक सम्पदा**

- संस्कृति प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरु तथा धार्मिक सम्पदाहरुको मर्मत संभार, संचालन तथा परम्परागत सांस्कृतिक कार्यक्रमहरु र पुजा सञ्चालनको लागि कार्यपालिकाको निर्णय बमोजिम बढीमा २०,०००/- सम्म दिन सकिने।

परिच्छेद-७

**राहत**

१. दैवि प्रकोपबाट हुने क्षतिलाई कम गर्न राहत स्वरुप केहि नगद/जिन्सी सामान उपलब्ध गराउन सकिनेछ । विपदबाट क्षति भएको हो भनि स्थानीय प्रहरी कार्यालययको मुचुल्का र सम्बन्धित वडाको सिफारिसको आधारमा सम्बन्धित व्यक्तिबाट निवेदन प्राप्त भएमा विपद व्यवस्थापन कोषबाट निम्न बमोजिम निम्न प्रकृया पुरा गरि तपसिल बमोजिमको रकम राहत स्वरुप उपलब्ध गराईनेछ ।

क) आगलागी, बाढी पहिरो वा चट्याङ्गले घर जग्गा, खेतिपाती तथा अन्य धनसम्पत्ति नष्ट भएमा नष्ट भएको रकमको प्रहरी मुचुल्का सम्बन्धित वडाको सिफारिसको आधारमा

- रु. १,००,०००/- (एक लाख) सम्म क्षति भएमा गाउँपालिका अध्यक्ष निर्णय बमोजिम रु. १०,०००/- सम्म रकम उपलब्ध गराउन सकिने छ ।
- सो भन्दा बढि क्षति भएमा गाउँपालिका विपद व्यवस्थापन समितिको निर्णय सहित प्राप्त सिफारिसको आधारमा गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार बढिमा रु. २५,०००/- सहयोग उपलब्ध गराईने छ ।

ख) माथि उल्लेखित घटनाबाट कुनै पनि व्यक्तिको मृत्यु भएमा गाउँ कार्यपालिकामा घटना र सो खुल्ने कागजात सहित निवेदन पेश भइ गाउँपालिका विपद व्यवस्थापन समितिको निर्णय सहित सिफारिसको आधारमा गाउँकार्यापालिकाबाट निर्णय भए बमोजिम १ जनाको मृत्यु भएमा बढिमा रु.

अध्यक्ष

२५,०००/- र सो भन्दा बढि व्यक्तिको मृत्यु भएमा बढिमा ५०,०००/- सम्म सहयोग रकम उपलब्ध गराइने छ ।

## परिच्छेद ८

## भुक्तानी प्रकृया/शीर्षक

१. सम्बन्धित व्यक्तिको निवदेन, वडाको सिफारिस, औषधी उपचारको हकमा रोग खुलेको कागजात र विल भर्पाई तथा नागरिकताको प्रतिलिपि साथै विपदको हकमा सम्बन्धित प्रहरीको कागजात तथा मृत्युको हकमा पोष्टमार्टम रिपोर्ट समेत संलग्न राखी गाउँपालिका अध्यक्ष वा कार्यपालिकाको निर्णय सहित निवेदन प्राप्त भए पछि भुक्तानी प्रकृया अगाडी बढाइने छ ।

२. माथि उल्लेखित कागजात प्राप्त भए पछि आर्थिक सहायता तथा औषधी उपचारको हकमा आर्थिक सहायता शिर्षकबाट र विपदको हकमा विपद व्यवस्थापन कोषबाट आर्थिक प्रशासन शाखाले रकम उपलब्ध गराउने छ । साथै खेलकुदको हकमा सम्बन्धित शिर्षकबाट खेलमा भाग लिएको प्रमाण-पत्र, बिल भर्पाई, कार्यक्रमको प्रस्तावको आधारमा सहयोग रकम उपलब्ध गराईने छ ।

## परिच्छेद-९

## विविध

१. बचाउः यस भन्दा अगाडी भएका यस प्रकारका उपलब्ध गराईएको आर्थिक सहायता / राहत रकम यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अध्यक्ष